नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**सिंहदरवार, काठमाडौं।**

**<u>व्यावसायिक संस्थालाई जर्नल प्रकाशन गर्न अनुदान सहयोगको लागि निवेदन माग गर्ने सूचना</u>**

सूचना प्रकाशित मिति : २०७८/०९/०७ गते
पुन: सूचना प्रकाशित मिति : २०७८/०९/२९ गते

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरवार काठमाडौंको आ. व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "व्यावसायिक संस्थालाई अनुदान सहयोग कार्यविधि, २०७७" बमोजिम जर्नल प्रकाशन गर्ने व्यावसायिक संस्थालाई आर्थिक सहयोग उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रमको लागि आर्थिक सहयोग प्राप्त गर्न चाहने व्यावसायिक संस्थाले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र(१५) दिनभित्र कार्यालय समय भित्र आई पुग्ने गरी सोही कार्यविधिको अनुसूची-२ बमोजिमको ढाँचामा यस मन्त्रालयको विज्ञान तथा प्रविधि महाशाखामा निवेदन दिनु हुन अनुरोध छ । म्याद नाघी दर्ता हुन आएका वा रीत नपुगेका निवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । उल्लिखित कार्यविधिको पूर्णपाठ मन्त्रालयको वेभसाइट www.moest.gov.np वा विज्ञान तथा प्रविधि महाशाखामा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।